जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक ९५ २०८३ साल कात्तिक २४ गते मंगलबार (10 Nov 2026 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : तिहारका पटाकाले ... ३ पृष्ठमा : एउटै पर्वमा फरक संस्कृति... ३ पृष्ठमा : निर्वासित पूर्व प्रधानमन्त्री...

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

सामुदायिक पहल र पूर्वकार्यले विद्यालय परिसरको पोखरी बन्यो स्वच्छ र सुरक्षित







दैनिक समाचारदाता
राजविराज, २३ कात्तिक ।

कुनै समय झाडीले ढाकिएको, फोहोर र जोखिमपूर्ण अवस्थामा रहेको विद्यालय परिसरको पोखरी अहिले सफा, सुन्दर र आकर्षक बनेको छ । पोखरीको सरसफाइ र संरक्षणसँगै त्यस क्षेत्रको वातावरणमा समेत सकारात्मक परिवर्तन आएको हो ।

तिलाठी कोइलाडी गाउँपालिका-७ मनसापुरकी १९ वर्षीया किरण कुमारी मालीका अनुसार वभनगामा कट्टीस्थित विद्यालय परिसरभित्र रहेको पोखरी पहिले झाडीले पूर्ण रुपमा ढाकिएको थियो । पोखरीमा पानी छ कि छैन भन्ने कुरा बाहिरबाट हेरेर समेत थाहा पाउन सकिदैनथ्यो ।

विद्यालय परिसरमै पोखरी रहेकाले त्यहाँ अध्ययन गर्ने बालबालिकाहरू सर्प तथा विभिन्न विषालु किराको जोखिममा थिए । पोखरी झाडीले ढाकिएकाले कुनै बालबालिका दुर्घटनावश डुबेको अवस्थामा तत्काल देख्न र उद्धार गर्नसमेत कठिन हुने अवस्था थियो ।

मनसादेवी सामुदायिक विपद् व्यवस्थापन समिति (सीडीएमसी) की सचिव समेत रहेकी मालीका अनुसार अहिले भने पोखरीको अवस्था पूर्ण स्वरुप फेरिएको छ ।

कोका-कोला फाउन्डेसनको आर्थिक सहयोग, प्रस्पर ग्लोबलसँगको साझेदारी तथा जनचेतना अभियान नेपालको आयोजनामा सञ्चालित 'नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना' अन्तर्गत पोखरीको सरसफाइ तथा संरक्षण गरिएको हो ।

परियोजना अन्तर्गत झाडी हटाएर पोखरी सफा गर्नुका साथै चारैतिरका डिलमा वृक्षारोपण गरिएको छ । यसले पोखरीको स्वरुप परिवर्तन गर्नुका साथै पहिले झाडीले ढाकिएको पोखरी अहिले खुला, सफा र आकर्षक देखिन थालेको हो ।

मालीका अनुसार पोखरीको संरक्षणले विद्यालय क्षेत्रको वातावरण सुधार हुनुका साथै बालबालिकाको सुरक्षामा समेत सहयोग पुगेको छ । पहिले जोखिमको रुपमा रहेको पोखरी अहिले समुदायका लागि संरक्षण र विपद् जोखिम न्यूनीकरणको सकारात्मक उदाहरण बनेको छ । "पहिले पोखरीमा पानी छ कि छैन भन्ने पनि देखिँदैनथ्यो, अहिले पोखरीको काया नै पलट भएको छ" माली भन्छिन् ।

८३ किलोभन्दा बढी गाँजासहित एक पक्राउ

दैनिक समाचारदाता
सिरहा, २३ कात्तिक ।

सिरहाको भगवानपुर गाउँपालिकाबाट ८३ किलोभन्दा बढी गाँजासहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा भगवानपुर गाउँपालिका ४ कल्याणपुर टोलका ५५ वर्षीय देवशरण यादव छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सोमबार बिहान करिब ३:३० बजे भगवानपुर गाउँपालिका-४ स्थित बलान खोलामा केही व्यक्ति टाउकोमा पोका बोकेर आउँदै गरेको सूचना प्राप्त भएको थियो ।

सोही सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लहान र प्रहरी चौकी ठाडीबाट खटिएको संयुक्त प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरी टोली पुगेपछि उनीहरूले बोकेको पोका फालेर भाग्ने प्रयास गरेका थिए । सोही क्रममा प्रहरीले यादवलाई नियन्त्रणमा लिएको थियो ।

घटनास्थलबाट गाँजा भरिएका पाँचवटा पोका बरामद गरिएको प्रहरीले जनाएको छ । कपडा र प्लास्टिकले बेरिएको बोरासहित तौल गर्दा कुल ८३ किलो ५६० ग्राम गाँजा रहेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न अन्य व्यक्ति भने फरार भएका छन् । उनीहरूको खोजी भइरहेको र पक्राउ परेका यादवमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

पर्सामा पटका पड्काउने क्रममा एक बालकको मृत्यु

दैनिक समाचारदाता
पर्सा, २३ कात्तिक ।

पर्सामा पटाका पड्काउने क्रममा आठ वर्षीय बालकको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार पर्साको पकाहाँ मैनपुर गाउँपालिका-२ मधुबनीमा पटाका पड्काउने क्रममा परी सोमबार स्थानीय मखु सहनीका पाँच वर्षीय

बाँकी तीन पृष्ठमा

दुई हजारभन्दा बढी स्मारक, आठ हजार पुरातात्विक वस्तुको अभिलेखीकरण

काठमाडौं, २३ कात्तिक (रासस) ।

नेपाल सम्पदा अभिलेखीकरण परियोजना (एनएचडिपी) ले आठ वर्षमा नेपालका दुई हजारभन्दा बढी ऐतिहासिक स्मारक, दुई हजार ५०० भन्दा बढी शिलालेख र आठ हजारभन्दा बढी पुरातात्विक वस्तुको विस्तृत विवरण सङ्कलन गरेको छ ।

सन् २०१८ मा सुरु भएको परियोजनाले विभिन्न जात्रा, पर्व र अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी वृत्तचित्र तथा अभिलेख पनि तयार पारेको हो । सङ्कलित विवरण पुरातत्व विभागको राष्ट्रिय सम्पदा सूची र परियोजनाको 'डिजिटल डेटाबेस'मा समावेश गरिएको छ ।

परियोजना जर्मनीको हाइडेलबर्ग विश्वविद्यालय अन्तर्गतको हाइडेलबर्ग सेन्टर फर ट्रान्सकल्चरल स्टडिज र हाइडेलबर्ग एकेडेमी अफ साइन्सेस एण्ड ह्युम्यानिटिज तथा नेपालका सराफ फाउन्डेसन फर हिमालयन ट्रेडिसन्स एन्ड कल्चर र पुरातत्व विभागको सहकार्यमा सञ्चालन भएको हो । परियोजनाका लागि बेलायतको आर्केडिया फण्डले मुख्य आर्थिक सहयोग उपलब्ध गराएको थियो ।

यसमा हाइडेलबर्ग विश्वविद्यालय पुस्तकालय, काठमाडौं भ्याली प्रिजर्भेसन ट्रस्ट

बाँकी अन्तिम पृष्ठमा

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो कादृदा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

फूल खेती आम्दानीको राम्रो श्रोत

फूल खेती पछिल्लो समय कृषि क्षेत्रको आकर्षक तथा सम्भावनायुक्त व्यवसायका रूपमा विकसित हुँदै गएको छ । परम्परागत खेतीमा निर्भर किसानका लागि फूल खेती राम्रो आम्दानीको स्रोत बन्न सक्छ । विवाह, पूजापाठ, धार्मिक कार्यक्रम, चाडपर्व, सभा-समारोह तथा सजावटका लागि फूलको माग निरन्तर रहने भएकाले यसको बजार सम्भावना पनि राम्रो छ । नेपालका तराई क्षेत्र, विशेषगरी मध्येशमा उर्वर जमिन, अनुकूल हावापानी र सिँचाइको सुविधा भएका ठाउँमा फूल खेती विस्तार गर्न सकिन्छ । सयपत्री, गुलाब, मखमली, ग्लाडियोलस लगायतका फूल खेतीबाट किसानले राम्रो आम्दानी लिन सक्छन् । धान, गहुँ र अन्य परम्परागत बालीसँगै फूल खेतीलाई वैकल्पिक व्यवसायका रूपमा अपनाउन सके कृषि आम्दानीमा विविधता ल्याउन सकिन्छ । थोरै क्षेत्रफलमा समेत व्यवस्थित खेती गर्न सके राम्रो प्रतिफल प्राप्त हुने सम्भावना रहन्छ ।

तर फूल खेती विस्तारका लागि किसानले बजारको सुनिश्चितता, उन्नत बीउ, प्राविधिक ज्ञान, सिँचाइ, मल तथा रोग नियन्त्रणको सुविधा पाउनुपर्छ । उत्पादन भएका फूल बिक्री गर्न उचित बजार नहुँदा किसानले घाटा बेहोर्नुपर्ने अवस्था आउन सक्छ । त्यसैले स्थानीय सरकार तथा कृषि निकायले फूल खेती गर्ने किसानलाई तालिम, अनुदान, बजार व्यवस्थापन र बिक्री वितरणमा सहयोग गर्न आवश्यक छ । फूल खेतीले किसानको आर्थिक अवस्था सुधार गर्नुका साथै रोजगारी सिर्जना, स्थानीय बजार विस्तार र कृषि व्यवसायीकरणमा समेत योगदान पुऱ्याउन सक्छ । आयातित फूलको निर्भरता घटाएर स्थानीय उत्पादनलाई प्राथमिकता दिन सके किसान थप उत्साहित हुनेछन् ।

फूल खेतीलाई केवल सौन्दर्यसँग जोडेर मात्र हेर्नु हुँदैन, यो आर्थिक समृद्धिको सम्भावनायुक्त कृषि व्यवसाय पनि हो । तसर्थ योजनाबद्ध लगानी, सरकारी सहयोग र बजार व्यवस्थापन गर्न सके फूल खेती किसानका लागि राम्रो आम्दानीको भरपर्दो स्रोत बन्न सक्छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

तिहारका पटाकाले बढाउँछ प्रदूषण

प्रगति ढकाल

काठमाडौँ, २३ कात्तिक (रासस) ।

आँगनमा ढकमक्क फुलेका फूल, साँझपख झिलिमिली बालिएका बत्ती र गाउँटोलमा गुञ्जिने देउसी-भैलोले तिहारको मौलिक रौनकता बढाएको छ । दाजुभाइ तथा दिदीबहिनीबीचको आत्मीयता र प्रेमको प्रतीक भाइटीकाको तयारी चलिरहेको छ । बजार तिहारका सामग्रीले भरिभराउ छन् भने किनमेल र चहलपहल पनि उत्तिकै बढेको छ ।

तिहारका कतिपय परम्परा र गतिविधि आफैँमा सुन्दर छन् । फूल, बत्ती र देउसी-भैलोले वातावरणमा उत्साह र उमङ्ग थपिरहेका छन् । तर, यही उल्लासका बीच पटाकाको आवाजले भने कतिपयलाई 'डिस्टर्ब' गरिरहेको छ ।

तिहार सुरु भएदेखि नै पटाका पड्किने क्रम बढेको छ । विशेषगरी रातको समयमा हुने पटाकाको चर्को आवाजले टोलबस्तीको शान्त वातावरणलाई बिथोलिरहेको छ । कतिपय टोलबस्तीमा राति सुतिरहेका मानिससमेत पटाकाको आवाजले झस्किने र निद्रा पूरा गर्न नपाउने अवस्था छ । चाडपर्वको खुसी मनाउने नाममा अरूको निद्रा र शान्ति नै खलल हुने गरी यस्ता पटाका पड्काउने प्रवृत्तिले स्थानीयवासीलाई असहज बनाएको छ ।

पटाकाले ध्वनी प्रदूषण मात्रै होईन त्यसबाट निस्कने धुँवाका कारण वायुलाई समेत अस्वस्थ्य बनाइरहेको छ । एयर क्वालिटी इन्डेक्स (एक्यूआई) का अनुसार सोमबार मध्याह्नसम्म काठमाडौँको वायु प्रदूषण अस्वस्थ तहमा पुगेको छ । तथ्याङ्कअनुसार १४३ एक्यूआईसहित उपत्यकाको प्रदुषण विश्वकै १० स्थानमा छ । एक्यूआईको मापदण्डअनुसार ०-५० सम्म 'राम्रो', ५१-१०० 'मध्यम', १०१-१५० 'अस्वस्थ', १५१-२०० 'सबैका लागि अस्वस्थ', २०१-३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले तिहारमा प्रयोग गरिने प्लास्टिकका फूल, पटाका तथा अन्य प्रदूषणजन्य सामग्रीले वातावरणमा प्रतिकूल असर पार्ने र कार्बन उत्सर्जनसमेत बढाउने बताउनुभएको छ ।

"तिहारमा घर, कार्यालय तथा सार्वजनिकस्थल सजाउन प्लास्टिकका फूलको प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ । सांस्कृतिक पर्वका नाममा प्रयोग गरिने यस्ता सामग्रीले दीर्घकालीन रूपमा वातावरणमा नकारात्मक असर पार्ने भएकाले प्राकृतिक फूलको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ," उहाँले भन्नुभयो, "प्लास्टिकका फूलको आयात नियन्त्रण गर्न सरकारले प्रयास गरे पनि खुला सिमानाका कारण त्यसलाई पूर्ण रूपमा रोक्न कठिन भइरहेको छ ।"

महानिर्देशक सुवेदीका अनुसार लुकीछिपी प्लास्टिकका फूल भित्रिने क्रम जारी रहेकाले आयात नियन्त्रणसँगै उपभोक्ताको व्यवहारमा परिवर्तन ल्याउन आवश्यक छ । उपभोक्ताले नै प्लास्टिकका फूल प्रयोग नगर्ने प्रतिबद्धता जनाएमा यसको प्रयोग न्यूनीकरण गर्न सहज हुने उहाँले उल्लेख गर्नुभयो ।

महानिर्देशक सुवेदीले तिहारका बेला पटाका तथा आतसबाजी पड्काउँदा वायु र ध्वनि प्रदूषणको समस्या थप जटिल बन्ने गरेको बताउनुभयो । पटाकाबाट निस्कने धुवाँ, धुलो तथा विषाक्त ग्यासले वायुमण्डलको गुणस्तरमा असर पार्ने तथा ध्वनिको तीव्रताले मानव स्वास्थ्य र वातावरणमा समेत नकारात्मक प्रभाव पार्ने उहाँको भनाइ छ ।

महानिर्देशक सुवेदीले कुल वायु प्रदूषणको आधाभन्दा बढी हिस्सा बाह्य स्रोतबाट हुने प्रदूषणले ओगटेको बताउनुभयो । यस्तो अवस्थामा चाडपर्वका नाममा थप प्रदूषण निम्त्याउने गतिविधि बढाउनु उचित नहुने उहाँको धारणा छ ।

चाडपर्व मनाउने क्रममा संस्कृति र परम्पराको संरक्षणसँगै वातावरणीय स्वच्छतालाई पनि प्राथमिकता दिनुपर्नेमा जोड दिँदै महानिर्देशक सुवेदीले प्लास्टिकका फूलको सट्टा प्राकृतिक फूल र पटाका तथा आतसबाजीको विकल्पमा प्रदूषणरहित तरिका अपनाउन आग्रह गर्नुभयो ।

विज्ञ भन्छन् : पटकाले वायु प्रदूषण बढाउन सहयोग पुर्‍याइरहेको छ

वातावरणविद् राजन थापाले तिहारमा पड्काइने पटाकाबाट निस्कने धुवाँ, धुलो तथा रासायनिक पदार्थले वायु प्रदूषण बढाउन सहयोग पुऱ्याइरहेको बताउनुभएको छ ।"समयअघि चक्रवातको प्रभावले नेपालमा करिब तीन दिन वर्षा भएपछि मौसम खुलेको थियो । वर्षाका कारण वायुमण्डलमा रहेका धुलो तथा प्रदूषक कण पखालिँदा काठमाडौँ उपत्यकाको वातावरण स्वच्छ बनेको थियो ," उहाँले भन्नुभयो, "तर अहिले पुनः वायु प्रदूषण बढेर अस्वस्थकर अवस्थातर्फ उन्मुख छ ।"

विज्ञ थापाले पटाका पड्काउँदा निस्कने धुवाँ र रासायनिक पदार्थले वायुमण्डलमा प्रदूषक कण थप्ने भएकाले मानव स्वास्थ्यमा मात्र नभई पशुपन्छी तथा अन्य जीवजन्तुमा समेत असर पार्ने बताउनुभयो ।

"अहिले सार्वजनिक बिदाका कारण उपत्यकाबाट धेरै सवारीसाधन बाहिरिएका छन् । उपत्यकाभित्र सवारीसाधनको चापसमेत घटेको छ । सामान्य अवस्थामा सवारीसाधनको चाप कम हुँदा प्रदूषण घट्नुपर्ने भए पनि अहिले प्रदूषण बढिरहेको अवस्थाले अन्य स्रोतबाट पनि प्रदूषण भइरहेको देखाउछ," थापाले भन्नुभयो ।

उहाँका अनुसार अहिले उपत्यकामा पूर्वाधार निर्माणका गतिविधि पनि खासै भइरहेका छैनन । विज्ञ थापाका अनुसार काटिएको धानको पराल जलाउने समय भएको छैन । अहिले वायु प्रदूषणको स्तर बढ्नुले तिहारमा प्रयोग भइरहेका पटाका तथा अन्य प्रदूषणजन्य गतिविधितर्फ ध्यान दिनुपर्ने बताउनुभयो । पटाकाको चर्को आवाजले जनावर तर्सिने र उनीहरूको प्राकृतिक व्यवहारमा समेत असर पर्ने भएकाले यसको प्रयोग वातावरणमैत्री हुन नसकेको उहाँको तर्क छ ।

विज्ञ थापाले चाडपर्वको खुसी मनाउने नाममा वातावरण र जीवजन्तुलाई असर पुग्ने गतिविधि गर्नु उचित नहुने बताउँदै पटाका प्रयोगलाई निरुत्साहित गर्नुपर्नेमा जोड दिनुभयो ।

पटाकाको चर्को आवाजले स्थायी बहिरोपनको जोखिम

तिहार तथा दीपावलीमा रमाइलोका लागि पड्काइने पटाका र आतिसबाजीबाट निस्कने चर्को आवाजले कानको श्रवण क्षमतामा गम्भीर क्षति पुऱ्याउन सक्ने चिकित्सकले बताएका छन् । वीर अस्पतालका नाक, कान तथा घाँटी रोग विशेषज्ञ डा. विमलेशकुमार गुप्ताले पटाका पड्काउँदा उत्पन्न हुने अत्यधिक ध्वनिका कारण तत्कालै कानमा चोट पुग्ने तथा स्थायी बहिरोपनसमेत हुनसक्ने जोखिम रहने बताउनुभयो ।

"सामान्यतया ८५ डेसिबलसम्मको ध्वनिलाई सुरक्षित मानिन्छ । तर पटाका विस्फोट हुँदा १४० देखि १५० डेसिबल वा सोभन्दा बढी ध्वनि उत्पन्न हुन सक्छ । यस्तो तीव्र ध्वनिले कानको भित्री संरचनामा गम्भीर क्षति पुऱ्याउन सक्छ, जसलाई चिकित्सकीय भाषामा 'एकोस्टिक ट्रमा' भनिन्छ", उहाँले भन्नुभयो ।

डा गुप्ताले पटाकाबाट उत्पन्न हुने आवाज सामान्य निरन्तर ध्वनिभन्दा फरक र अचानक ठूलो आवाजमा विस्फोट हुने भएकाले कानमा थप जोखिम निम्त्याउने बताउनुभयो ।

"पटाकाको विस्फोटबाट उत्पन्न हुने तीव्र ध्वनिले कानको जाली फुटाउने र कान भित्रीका श्रवणसम्बन्धी सूक्ष्म कोषिका (हेयर सेल्स) नष्ट गर्न सक्छन् । यी कोषिका नष्ट भएपछि पुनः निर्माण हुँदैनन् । त्यसैले यस्तो क्षतिका कारण स्थायी बहिरोपनसमेत हुन सक्छ," उहाँले भन्नुभयो ।

चिकित्सक गुप्ताका अनुसार पटाकाको चर्को आवाजले कानमा निरन्तर सिट्टी बजेजस्तो, गुनगुनाएजस्तो वा सुसाएको आवाज आउने, अरूले बोलेको स्पष्ट नसुनिने, कान बन्द भएको वा भारी भएको महसुस हुने र कान दुख्ने जस्ता समस्या देखिन सक्छन् । कानको जाली फुटेमा रगतसमेत आउन सक्छ ।

डा गुप्ताले तिहारमा पटाका पड्काउनु रमाइलो र उत्सवको एउटा माध्यमका रूपमा लिइने भए पनि त्यसले स्वास्थ्यमा पार्ने असरप्रति पर्याप्त ध्यान नदिइएको बताउनुभयो । कानलाई यस्तो जोखिमबाट जोगाउन पटाका पड्काइरहेको स्थानबाट सुरक्षित दूरी कायम गर्नुपर्ने र विशेषगरी बालबालिकालाई पटाका नजिक जान दिन नहुने उहाँले सुझाव दिनुभयो ।

पटाकाको आवाजबाट कानको सुरक्षाका लागि इयर प्लग वा अन्य श्रवण सुरक्षा सामग्री प्रयोग गर्न सकिने उहाँले बताउनुभयो ।

डा गुप्ताले पटाको आवाजले कानमा सिट्टी बज्ने, आवाज धमिलो सुनिने वा कान थुनिएको महसुस भए त्यसलाई सामान्य समस्या ठानेर बेवास्ता गर्न नहुने सुझाव दिनुभयो । यस्ता लक्षण २४ देखि ४८ घण्टासम्म पनि कम नभए तत्काल नाक, कान तथा घाँटी रोग विशेषज्ञसँग परामर्श लिनुपर्ने उहाँले बताउनुभयो ।

चर्को आवाजबाट हुने श्रवण क्षति समयमै पहिचान र उपचार गर्नुपर्ने भएकाले तिहार मनाउँदा मनोरञ्जनसँगै स्वास्थ्य सुरक्षालाई पनि प्राथमिकता दिनुपर्ने चिकित्सकको सुझाव छ ।

पटकाले लियो ज्यानै

प्रदूषण मात्रै होइन । पटकाले ज्यानै पनि लिन सक्छ । जिल्ला पर्सा पकहामैनपुर गाउँपालिका-२ मा पटका पट्काउने क्रममा छर्रा लागेर एक बालकको मृत्यु भएको छ । नेपाल प्रहरीका अनुसार स्थानीय रामगुलाम सहनीका ८ वर्षीय छोरा कुन्दन सहनी आफ्नै घर अगाडि सोमबार पटका पट्काउने क्रममा छर्रा छातीको बीच भागमा लागेर घाइते भए । घाइते बालकलाई उपचारका लागि वीरगञ्जस्थित तराई अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

पर्सामा पटका ...

छोरा कुन्दन सहनीको उपचारका क्रममा वीरगन्जस्थित तराई अस्पतालमा मृत्यु भएको हो ।

पटाका पड्काउने क्रममा छातीमा आगो लागेर बेहोस भएका बालकलाई तत्काल उपचारका लागि अस्पताल लगिएको थियो । तर, उपचारकै क्रममा उनको सोमबार मृत्यु भएको प्रहरी नायब उपरीक्षक (डिएसपी) चक्रबहादुर मल्लले जानकारी दिए ।

एउटै पर्वमा फरक संस्कृति-पहाडमा भाइटीका, मधेसमा भरदुतिया

राजेश विद्रोही

काठमाडौँ, २३ कात्तिक (रासस)।

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो। त्यसैले यहाँको हरेक चाडपर्व यहाँको जातीय, धार्मिक तथा सामुदायिक विविधता अनुसारको मनाउने चलन छ किनभने यहाँ भूगोल, समुदाय, भाषा र सामाजिक परिवेशअनुसार चाडपर्व मनाउने धार्मिक सांस्कृतिक विश्वास छ। यतिसम्म कि एउटै पर्व पनि फरक नाम, धार्मिक विश्वास र सांस्कृतिक अभ्यासहित मनाइन्छ। तिहारको भाइटीका र मधेसको भरदुतिया यसको एउटा राम्रो उदाहरण हो। पहाडमा भाइटीकाका रूपमा मनाइने दाजुभाइ तथा दिदीबहिनीबीचको स्नेहपूर्ण पर्व मधेसमा भरदुतिया अर्थात् भ्रातृद्वितीयाका रूपमा मनाइन्छ। यसको विधि र प्रक्रियामा भिन्नता भए पनि दुवै पर्वको मूल भावना पारिवारिक प्रेम, आत्मीयता, सम्मान र सम्बन्धको निरन्तरता हो।

नेपालको पहाडी क्षेत्रमा तिहारलाई यमपञ्चकका रूपमा पाँच दिनसम्म मनाउने परम्परा छ भने तराई-मधेसमा दीपावली, दियाबाती र भरदुतियाका रूपमा मनाइन्छ। यी पर्वका नाम र विधिमा भिन्नता भए पनि धार्मिक आस्था, प्रकृतिप्रतिको सम्मान, पारिवारिक सम्बन्ध र सामाजिक सद्भावका दृष्टिले एकअर्कासँग जोडिएका छन्। दीपावलीको पहिलो दिन पहाडमा काग तिहार र मधेसमा धनतेरसको रुपमा मनाइन्छ। पहाडमा कागलाई यमदूतको प्रतीक मानेर पूजा गर्ने र खानेकुरा दिने चलन छ। कागको पूजा गर्दा अशुभ समाचारबाट बच्न सकिने धार्मिक विश्वास प्रचलित छ। मधेसमा भने धनतेरसका दिन धन, समृद्धि र शुभलाभको कामना गर्दै नयाँ भाँडाकुँडा किन्ने चलन छ। आर्थिक अवस्था हुनेहरूले सुनचाँदीका गरगहना तथा अन्य बहुमूल्य वस्तु पनि खरिद गर्छन्। यस दिनलाई नयाँ वस्तु घरमा भित्र्याउने शुभ अवसरका रूपमा पनि लिइन्छ।

दोस्रो दिन पहाडमा कुकुर तिहार र मधेसमा नरक चतुर्दशी अर्थात् छोटी दीपावली मनाइन्छ। पहाडमा कुकुरलाई मानिसको विश्वासिलो साथी तथा यमराजको दूत मानेर माला र टीका लगाइदिने तथा मीठा परिकार खुवाउने चलन छ भने नरक चतुर्दशी पनि गर्ने गरिन्छ। मधेसमा यस दिन घरआँगन सफा गर्ने, माटोका दियो बाल्ने र नरकासुर वधको धार्मिक प्रसंग स्मरण गर्ने परम्परा छ। साँझ सार्वजनिक स्थानमा गाउँलेहरू भेला भएर सामूहिक रूपमा हुकालोली खेल्ने चलन पनि छ। यसले पर्वलाई धार्मिक अनुष्ठानसँगै सामुदायिक भेटघाट र मनोरञ्जनको अवसर बनाउँछ।

तेस्रो दिन पहाडमा गाई तिहार र तराई-मधेसमा मुख्य दीपावली मनाइन्छ। पहाडमा बिहान गाईको पूजा र साँझ धनकी देवी लक्ष्मीको आराधना गरिन्छ। घर, आँगन र गोठमा दीप बाल्ने, देउसी-भैलो खेल्ने तथा धनधान्य र सुख समृद्धिको कामना गर्ने परम्परा छ। मधेसमा पनि यही दिन घर, आँगन, पसल र सार्वजनिक स्थलमा माटोका दियो बालेर झिलिमिली बनाइन्छ। रङ्गोली सजाउने, लक्ष्मी-गणेशको पूजा गर्ने, मिठाई बाँड्ने र आतसबाजी गर्ने चलन छ। दीप प्रज्वलनलाई अन्धकारमाथि उज्यालो र अशुभमाथि शुभको विजयका रूपमा लिइन्छ।

चौथो दिन पहाडमा गोरु तिहार तथा गोवर्धन पूजा गरिन्छ। नेवार समुदायले यसै दिन म्हःपूजा गरी नेपाल संवत्को नयाँ वर्ष मनाउँछन्। गोरुलाई कृषिकर्मको महत्त्वपूर्ण सहयोगीका रूपमा सम्मान गर्दै पूजा गर्ने तथा गोवर्धन पर्वतको प्रतीक बनाएर प्रकृति, पशुधन र कृषिप्रति कृतज्ञता व्यक्त गर्ने चलन छ। म्हःपूजाले व्यक्तिको शरीर, आत्मसम्मान र जीवनको महत्वलाई आत्मपूजामार्फत अभिव्यक्त गर्छ। तराई-मधेसमा यस दिन गाईवस्तुको स्वास्थ्य र कृषिसँग जोडिएका मौलिक लोकपरम्परा पनि प्रचलित छन्। गाईवस्तुलाई नुहाएर विभिन्न रङले सजाउने गरिन्छ। तोरीको तेलमा निम, बकाइनो, कुफलीलगायतका पात र मरिच पिसेर मिसाई घाममा तताएपछि बाँसको चोङ्गा वा काइरबाट गाईवस्तुलाई खुवाउने चलन छ।

नयाँ धानबाट तयार पारिएको बगिया पनि पहिलोपटक गाईवस्तुलाई खुवाइन्छ। खेतमा प्रयोग गर्ने सामग्री लगायत घरका काठ र फलामका समानहरुलाई पनि सफा गरेर पुजा गरिन्छ। स्थानीय जनविश्वासअनुसार गाईवस्तुलाई खुवाउने त्यो झोलले जाडो मौसममा पशुहरूको स्वास्थ्य रक्षा गर्छ। त्यसपछि गाईवस्तुलाई सार्वजनिक चौरमा लगेर हुराहुरी खेलाउने र कुस्ती प्रतिस्पर्धा गराउने परम्परा छ। यसमा विजयी हुने किसानलाई पुरस्कृत गरिन्छ। हुराहुरीमा प्रयोग भएका घाँस, पराल र बोकराका अंश खेतबारीमा राख्दा बाली राम्रो हुने र उत्पादन बढ्ने लोकविश्वास छ। यसरी मधेसको यो परम्पराले पशुधन, कृषि, सामूहिक मनोरञ्जन र प्रकृतिप्रतिको आस्थालाई जोडेको देखिन्छ।

पाँचौँ दिन पहाडमा भाइटीका र मधेसमा भरदुतिया मनाइन्छ। पहाडमा दिदीबहिनीले दाजुभाइलाई घरमा निम्त्याएर निधारमा सप्तरङ्गी टीका लगाइदिने, मखमली र सयपत्रीका माला पहिऱ्याउने तथा मिठाई र परिकार खुवाएर दीर्घायु, सुख र समृद्धिको कामना गर्ने चलन छ। ओखर, विमिरो र तेलको घेराको पनि यस पर्वमा विशेष धार्मिक तथा सांस्कृतिक महत्त्व छ। दाजुभाइले पनि दिदीबहिनीलाई उपहार तथा दक्षिणा दिएर सम्मान प्रकट गर्छन्। मधेसमा भरदुतियाका दिन दिदीबहिनीले दाजुभाइलाई निम्तो दिएर घरमा बोलाउँछन्। आँगनमा माटो वा गोबरले पोतेर चारकुने चौका बनाइन्छ र काठको पिढामा पूर्वतर्फ फर्काएर दाजुभाइलाई बसालिन्छ। त्यसपछि दाजुभाइका दुवै हात दिदीबहिनीले आफ्नो साडीको आँचलमा राख्न लगाउँछन्। पाँचवटा पानका पातमा पाँचवटा सुपारी राखेर पाँचपटक पानीको धार दिने, रातो टीका लगाउने र विभिन्न पूजा सामग्री चढाउँदै दाजुभाइको दीर्घायु तथा सुखसमृद्धिको कामना गर्ने परम्परा छ। स्थान र परिवारअनुसार विधिमा केही भिन्नता पाइए पनि यसको मूल उद्देश्य दाजुभाइ तथा दिदीबहिनीबीचको कुल सम्बन्धलाई प्रगाढ बनाउनु हो।

भरदुतियाको विशेषता दाजुभाइ र दिदीबहिनीको सम्बन्धमा मात्र सीमित छैन। मधेसको ग्रामीण समाजमा मामा र भान्जा-भान्जीबीचको सम्बन्ध तथा मावली पक्षको आगमनले पनि यस पर्वलाई विशेष बनाउँछ। चामलबाट बनाइने बगिया, मटकुरीमा राखिएको दही, चुरा, मुराही र घरमै तयार पारिएका विभिन्न परिकार त्यसका प्रमुख कोसेली हुन। ती वस्तुको बजार मूल्यभन्दा तिनमा मिसिएको माया, श्रम र आत्मीयताको महत्त्व ठूलो हुन्छ। सोमबार यातायात र बजारको विस्तारसँगै कोसेली ल्याउने शैली फेरिएको छ तर फेरिँदै गएको परम्पराहरु भने मरेको छैन। त्यसले परम्परा फेरिए पनि बोकेको पारिवारिक सम्बन्धको महत्व घट्नु हुँदैन।

दीपावलीपछि तराई-मधेसमा मनाइने लगत्तै छठ पर्वले पनि यस क्षेत्रको सांस्कृतिक पहिचानलाई विशिष्ट बनाएको छ। सूर्य, प्रकृति र जलाशयसँग जोडिएको यस पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिइन्छ। छठले प्रकृति, पर्यावरण, जलस्रोत र सामूहिक सहभागितामा प्रतिको सम्मानलाई अभिव्यक्त गर्छ। यसले पारिवारिक आस्था र सामुदायिक सद्भावलाई पनि बलियो बनाउँछ। तर पछिल्लो समय आफ्नै चाडपर्व मनाउन पनि मानिससँग पर्याप्त समय छैन। एउटै घरमा बसेर पनि एकअर्काका लागि समय निकाल्न कठिन हुँदै गएको छ। कतिपय अवस्थामा पर्वको आत्मीयता महँगा उपहार, देखावटी खर्च र सामाजिक प्रतिष्ठाको प्रतिस्पर्धामा सीमित हुन थालेको छ।

संस्कृति समयअनुसार परिवर्तन हुनु स्वाभाविक हो तर त्यसको मूल मानवीय भावना कमजोर हुनु चिन्ताको विषय हो। भाइटीका र भरदुतियालाई केवल धार्मिक अनुष्ठानका रूपमा बुझ्नु पर्याप्त हुँदैन। यी पर्वले परिवारभित्र समानता, पारस्परिक सम्मान र जिम्मेवारीको भावना पनि विकास गर्नुपर्छ। दिदीबहिनीले दाजुभाइको दीर्घायु र सुखको कामना गरेझैं दाजुभाइले पनि दिदीबहिनीको स्वतन्त्रता, सम्मान, सुरक्षा र अधिकारप्रति जिम्मेवार हुनुपर्छ। निधारमा टीका लगाएर दीर्घायुको कामना गर्नु र व्यवहारमा महिलामाथि हुने हिंसा, विभेद तथा अन्यायविरुद्ध उभिनुबीच सम्बन्ध स्थापित हुनुपर्छ। किनभने पर्वको वास्तविक सार आशीर्वाद र सद्भावलाई दैनिक व्यवहारमा रूपान्तरण गर्नु हो।

त्यसैगरी पहाडको भाइटीका र मधेसको भरदुतियालाई एकअर्काभन्दा ठूलो वा सानो संस्कृतिका रूपमा बुझ्नु हुँदैन। पहाडको सप्तरङ्गी टीका र मखमली माला होस् वा मधेसको चौका, पान, सुपारी र आँचलमा हात राखेर गरिने पूजा, यी सबै आआफ्नो समुदायले विकास गरेका मौलिक सांस्कृतिक अभिव्यक्ति हुन्। भाषा, विधि, पहिरन र खानपान फरक भए पनि दुवै पर्वको केन्द्रमा प्रेम, विश्वास र आत्मीयता नै छ। नेपालको सांस्कृतिक विविधता राष्ट्रिय एकताको बाधक होइन, यसको आधार हुन्। त्यसैले एकअर्काका पर्व र परम्परालाई बुझ्ने, सम्मान गर्ने र नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने संस्कार विकास गर्न आवश्यक छ। सांस्कृतिक संरक्षण भनेको पुरानो विधि जस्ताको तस्तै दोहोऱ्याउनु मात्र होइन, त्यसले बोकेको मानवीय भावना र सामाजिक मूल्यलाई जीवन्त राख्नु पनि हो।

त्यसैले पहाडमा भाइटीका होस् वा मधेसमा भरदुतिया, दुवै पर्वको सार सम्बन्धलाई सम्झनु, सम्मान गर्नु र जीवनभर जोगाइराख्नु हो। मामाले आफ्नो भान्जाभान्जीको लागि काँधमा बोकेर ल्याउने कोसेली समयसँगै हराए पनि त्यसमा मिसिएको माया मानवसमाज रहुन्जेल रहनुपर्छ। खेतको आलीमा उभिएर हरेक भान्जाभान्जीले बाटोमा मामा आउने बाटो पर्खेको समाजिक, पारिवारिक तथा नातासम्बन्धको इतिहास मर्नु हुँदैन। हरेक दिदीबहिनी र दाजुभाइबीचको आत्मीय तथा कुल सम्बन्धको इतिहास नयाँ युगसँगै छलाङ हान्नुपर्छ किनभने हाम्रो हरेक समाजिक धार्मिक सांस्कृतिक परम्पराको सम्बन्धको वास्तविक सम्पत्ति धन, उपहार र प्रदर्शन होइन्, एकअर्काप्रतिको माया, विश्वास, त्याग र आत्मीयता हो। यही साझा मानवीय मूल्य नै भाइटीका र भरदुतियाको वास्तविक सांस्कृतिक अर्थ हो, जसले हाम्रो नेपाली समाजलाई जीवित बनाएको छ र, ऐतिहासिक पनि।

विश्व समाचार

निर्वासित पूर्व प्रधानमन्त्री हसिनाले 'प्रत्यर्पण माग्नुपर्ने'

ढाका, २३ कात्तिक (रासस/एएफपी)।

बङ्गलादेशले जनविद्रोहको बलमा पदच्युत हुनुभएकी पूर्व प्रधानमन्त्री घर फर्कन चाहनुहुन्छ भने उहाँले भारतबाट प्रत्यर्पण माग्नुपर्ने बताएको छ। बाङ्लादेशले सोमबार निर्वासित नेता शेख हसिनालाई चुनौती दिँदै प्रशासनले उहाँको पासपोर्ट नवीकरणको आवेदन समीक्षा गरिरहेको बताएको छ।

पूर्व प्रधानमन्त्री हसिनाले डिसेम्बरमा बङ्गलादेश फर्किने प्रतिज्ञा गर्नुभएको छ। उहाँविरूद्ध सन् २०२४ मा प्रदर्शनकारीहरूमाथि दमन गरेको आरोपमा मानवताविरुद्धको अपराधमा मृत्युदण्ड सुनाइएको छ। गृहमन्त्री सलाउद्दिन अहमदले सोमबार पत्रकारहरूसँग भन्नुभयो, "बङ्गलादेशका अधिकारीहरू हसिनाको नयाँ पासपोर्टको अनुरोधलाई हेरिरहेका छन्।" उहाँले भन्नुभयो, "उहाँ विदेशमा शरण लिएकी दोषी ठहरिएकी अपराधी हुनुहुन्छ। आवेदनको कानुनी आधार, प्रक्रिया पूरा भएको छ कि छैन, र पासपोर्ट माग्ने अधिकार छ कि छैन। सबै विषय समीक्षा भइरहेका छन्।"

"हामीले त्यो देश (भारत) लाई उचित प्रक्रियाअनुसार उहाँको प्रत्यर्पण मागदै पत्र पठाइसकेका छौं," उहाँले अगाडि भन्नुभयो।

हसिनाले पटकपटक फर्किने इच्छा व्यक्त गर्दै आउनुभएको छ। उहाँले एएफपीलाई इमेलमार्फत दिएको जानकारीमा फाँसीको सजाय सामना गर्नुपर्ने कुराबारे आफूलाई अवगत रहेको बताउनुभएको छ।"

हसिनाका बेलायती वकिलहरूले उहाँको पासपोर्ट 'खारेज भएको रिपोर्ट' पछि कागजात नवीकरणको अनुरोध गरेका छन्। म्याट्रिक्स चेम्बर्स नामक कानुनी फर्मको पत्र बङ्गलादेशको नयाँदिल्लीस्थित उच्च आयोगलाई सम्बोधन गरिएको छ। एएफपीले देखेको उक्त पत्रमा पासपोर्ट नवीकरण मागिएको छ, तर कहिले वा कहाँ यात्रा गर्ने भन्ने उल्लेख छैन।

सन् २०२५ नोभेम्बरमा हसिनालाई मृत्युदण्ड सुनाउने अदालतका मुख्य अभियोजक एमडी अमिनुल इस्लामले यो आवेदनलाई 'राजनीतिक स्टन्ट मात्र' भएको बताउँदै यसको कुनै महत्त्व नहुने बताउनुभएको छ। बङ्गलादेशका कनिष्ठ परराष्ट्रमन्त्री हुमायुन कोबिरले भन्नुभयो, 'उहाँले न्यायको सामना गर्न आफैं आत्मसमर्पण गर्नुपर्छ।" "बङ्गलादेश र भारतबीच प्रत्यर्पण सन्धि छ। उहाँले भारतलाई आफूलाई सुम्पन भन्नुपर्छ र धेरै निर्दोष नागरिक मारेकोमा सजाय भोग्न तयार हुनुपर्छ।" उहाँले भन्नुभयो, "उहाँ भागेर विदेशी भूमिमा गएकी एक पूर्व शासक हुनुहुन्छ। उहाँको फर्किने प्रक्रिया फरक हुन्छ।"

हसिना सन् २०२४ मा देशमा आन्दोलन व्यापक भई असुरषा महशुस गरी हेलिकप्टरमा आफ्ना निकट सहयोगीसहित पुरानो सहयोगी भारतको दिल्लीका लागि प्रस्थान गर्नुभएको थियो। त्यसयता उहाँ सार्वजनिक रूपमा देखिनुभएको छैन तर टेलिफोनमार्फत अनलाइन समाचार सम्मेलनमा सहभागी हुँदै आउनुभएको छ। पूर्व प्रधानमन्त्री हसिनालाई उहाँको अनुपस्थितिमै दोषी ठहर गीरएकँ र सजाय सुनाइएको थियो।

भारतमा उहाँको निरन्तर उपस्थितिले ढाका र नयाँदिल्लीबीचको सम्बन्धमा तनाव बढाएको छ। भारतले प्रत्यर्पण अनुरोध कानुनी समीक्षामा रहेको बताएको छ। फेब्रुअरीमा भएको निर्वाचनमा हसिनाको आवामी लिगलाई प्रतिस्पर्धा गर्न रोक लगाइएको थियो। त्यस चुनावमा विजयी तारिक रहमानको सरकारले बङ्गलादेशकी पूर्व नेता हसिना फर्किएमा उहाँको विरुद्धका सबै मुद्दामा उचित कानुनी प्रक्रिया सुनिश्चित गरिने जनाएको छ।

हसिनाको फर्किने प्रतिज्ञाले रहमान सरकारका लागि राजनीतिक चुनौती सिर्जना गरेको छ। नयाँ सत्ता समर्थक धेरै बङ्गलादेशी उहाँलाई फाँसी दिइनुपर्ने बताउँछन् भने केही उहाँको फिर्तीले उहाँका पूर्व समर्थकहरूलाई उत्साहित गर्न सक्छ र विरोधी खेमाहरूबीच नयाँ झडप सुरु हुन सक्छ भन्ने डर छ।

भारतमा आगलागीका घटनामा १८ जनाको मृत्यु

नयाँदिल्ली, २३ कात्तिक (रासस/सिन्ह्वा)।

भारतमा आइतबार रातभरि भएका तीन छुट्टाछुट्टै आगलागीका घटनामा कम्तीमा १८ जनाको मृत्यु भएको र थुप्रै घाइते भएको स्थानीय प्रहरीले सोमबार पुष्टि गरेको छ।

दुई घटना मध्यप्रदेश राज्यका सिओनी र कटनी जिल्लामा भएका हुन् भने एक घटना दक्षिण-पश्चिम राज्य महाराष्ट्रको धाराशिव जिल्लामा भएको हो। यी घटनाहरू आइतबार मनाइएको वार्षिक चाड 'दिवाली' को रातमा भएका हुन्। प्रहरीका अनुसार आगलागीबाट सिओनी जिल्लामा एक परिवारका छ जना सदस्यहरूको मृत्यु भएका र चार जना घाइते भएका छन्। उनीहरूको तीनतले घरभित्र ठूलो आगलागी भएपछि उनीहरूको हताहत भएको हो।

घाइतेहरूलाई उद्धार गरी स्थानीय अस्पतालमा भर्ना गरिएको छ। त्यसैगरी, कटनी जिल्लाको बहुतले भवनभित्र रहेको भाँडाकुँडा पसलमा आगलागी हुँदा एउटै परिवारका छ जनाको मृत्यु भएको छ। आगलागीको कारण अज्ञात रहेको स्थानीय प्रहरीले बताउनुभएको छ। तेस्रो घटनामा परिवारका छ जना सदस्यहरू निदाएको अवस्थामा घरभित्र आगो फैलिएपछि निस्केको धुवाँले गर्दा अक्सिजनको कमी भई श्वासप्रश्वासमा समस्या हुँदा मृत्यु भएको हो।

ठाकुर बाबा युवा क्लब लोहजरा बिजयी



दैनिक समाचारदाता
राजविराज, २३ कात्तिक ।

शुभदीपावली तथा छठ पर्वको अवसरमा सप्तरीको तिरहुत गाउँपालिका १ त्रिकौलमा आयोजित टी-२० क्रिकेट प्रतियोगिताको उपाधि ठाकुर बाबा युवा क्लब लोहजराले जितेको छ ।

त्रिकौल समाजद्वारा आयोजित प्रतियोगिताअन्तर्गत सोमबार भएको फाइनल खेलमा जानकी युवा क्लब गोइठीलाई तीन विकेटले पराजित गर्दै ठाकुर बाबा युवा क्लब लोहजारा विजयी भएको हो ।

टस जितेर पहिले बलिङ रोजेको ठाकुर बाबा युवा क्लब लोहजाराको कसिलो बलिङसामु जानकी युवा क्लब गोइठी १३ ओभर एक बलमै ८५ रनमा समेटिएको थियो । जानकीका लागि अनोज यादवले सर्वाधिक १७ र साजन मरिकले १५ रन बनाए ।

जानकीलाई सस्तो स्कोरमा समेट्ने क्रममा ठाकुर बाबा युवा क्लबका सुमन चौधरीले चार ओभरमा नौ रन खर्चेर तीन विकेट लिए । त्यस्तै, अरुण यादवले दुई ओभरमा १८ रन दिदै तीन विकेट तथा उज्ज्वल यादवले तीन ओभरमा पाँच रन खर्चेर दुई विकेट लिए । बसन्तकुमार यादव र संजित साहले एक-एक विकेट लिए ।

८६ रनको विजयी लक्ष्य पछ्याएको ठाकुर बाबा युवा क्लबले ११ ओभरमा सात विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । विजेता टोलीका बसन्तकुमार यादवले सर्वाधिक २२, संजित साहले २१ र राकेश कुश्वाहाले १८ रनको योगदान दिए ।

जानकीका तर्फबाट मुकेश सिंहले तीन ओभरमा ३० रन दिएर तीन विकेट लिए भने अरुण मण्डल र अनोज यादवले दुई-दुई विकेट लिए ।

खेलमा उत्कृष्ट प्रदर्शन गरेका ठाकुर बाबा युवा क्लबका अरुण यादव म्यान अफ द म्याच घोषित भए । जानकी युवा क्लबका अरुण मण्डलले बेस्ट बलरको उपाधि पाए । प्रतियोगिता भरि १७५ रन बनाएका डिहबार बाबा कंकालिनी भगवती क्लबका मेहबुब आलम बेस्ट ब्याट्सम्यान तथा म्यान अफ द सिरिज घोषित भए ।

त्रिकौलवासीले चन्दा सङ्कलन गरेर आयोजना गरेको प्रतियोगितामा आठ वटा टोलीको सहभागिता रहेको थियो ।

प्रतियोगिताको विजेता टोलीले कपसहित नगद ५१ हजार र उपविजेता टोलीले कपसहित नगद २६ हजार रुपियाँ पुरस्कार प्राप्त गरेको आयोजकले जनाएको छ ।

समाजसेवी ललन गोईतको अध्यक्षता तथा समाजका अगुवा बजरंगी खंगको प्रमुख आतिथ्यमा आयोजित समापन कार्यक्रममा तिरहुत गाउँपालिका-५ का वडाध्यक्ष रामानन्द चौधरी, गोपाल प्रसाद गुप्ता, छेदी यादव, पत्रकार विनय कर्ण, जयप्रकाश गोईत, शत्रुघन बहडखेर र देवकान्त यादवले विजेता तथा उपविजेता टोलीलाई शुभकामना दिए ।

वक्ताहरुले खेलकुदले युवामा अनुशासन, आपसी सद्भाव र भाइचाराको भावना विकास गर्ने बताउँदै स्थानीय स्तरमा खेलकुदको विकासका लागि खेल मैदानको स्तरोन्नति गर्न स्थानीय सरकारले ध्यान दिनुपर्नेमा जोड दिएका थिए ।

दीपावली र छठः परम्परागत पुख्यौंली सीपबाट आर्जनको अवसर

महोत्तरी, २३ कात्तिक (रासस) ।

मधेसको मिथिला क्षेत्र अहिले दीपावली र छठ पर्वठको उमङ्गमा छ । कात्तिक कृष्णपक्षको त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्म मनाइने दीपावली पर्व अहिले जारी छ । दीपावली र यो सम्पन्न भएलगत्तैको छठ पर्वको तयारीले महोत्तरीसहितका मिथिला क्षेत्र अहिले पर्वमय बनेका छन् । यी पर्व परम्परागत सीप भएका यहाँका जाति, समुदायका लागि आर्जनको अवसर बन्दै आएका छन् ।

आर्थिक रूपमा पछिपरेका यहाँका कुम्हाल, बिन र डोम समुदाय अहिले आफ्नो पुख्यौंली पेसाको सीप बिक्ने अवसरले उत्साहित छन् । कुम्हालको माटाका भाँडा बनाउने र बिन एवं डोमको बाँसका कप्टेरा र चोयाबाट छिटी, नाङ्लो, चाल्नो र ससाना कनसुपीलगायत सामग्री बनाउनु पुख्यौंली पेसा हो ।

अहिले दीपावली र छठ पर्व दुवैमा माटाका नयाँ भाँडा तथा बाँसको चोया र कप्टेराबाट बनिने नयाँ सामग्री अनिवार्य मानिन्छन् । यही परम्पराले दीपावली र छठ आएपछि आफ्नो सीपले बजार पाउने र नगद आर्जन हुने आसमा उत्साहित हुने स्थानीय बताउँछन् ।

"केही दशकअघिसम्म माटाका गाग्री, छ्याँची, तौला र ढकनासहितका भाँडा दैनिक जीवनमा प्रयोग हुँदा वर्षैभरि आम्दानीका स्रोत बन्थ्ये । बाँसका चोया र कप्टेराले बन्ने छिटी, नाङ्लो, चाल्नो, पङ्खासहितका सामान पनि दैनिक जीवनमा उपयोग गरिन्थे । तर पछिल्ला केही दशकयता यिनको ठाउँमा प्लाष्टिकका सोही प्रयोजनका सामानले बजार पाउन थालेपछि यी जाति समुदायको सीप पर्वविशेषमा साघुरिएका छन्", भङ्गाहा-४ रामनगर बस्तीका केशवर मुखिया बिनले भन्नुभयो ।

यसले गर्दा आफ्नो पुख्यौंली पेसाको सीप अब जीवन गुजाराकै माध्यम नबने पनि दीपावली र छठका बेला केही नगद आर्जनको अवसर हुने उहाँको भनाइ छ । "अरू बेला हाम्रा सामान अब त्यति खोजिँदैनन् , दीपावली र छठमा भने अझै खोजी हुँदैछन् । त्यसैले यी पर्व नगद आर्जनका लागि हाम्रो पर्खाइमा हुन्छन्", उहाँले भन्नुभयो, "यसबेला हुने आर्जनले आफ्नो पर्व टार्न आम्दानी हुनुका साथै सीप निरन्तरताको अवसर बनेका छन् ।"

बिनजस्तै बाँसको चोया र कप्टेराकै सामानहरु बनाउने भङ्गाहा-५ सिद्धपुर रेलस्टेसनटोलका प्रगास मरिक डोमले पनि दीपावली र छठमा आफ्नो सीप बिक्ने आसले यसबेला यी सामान बनाउने गरेको बताउनुभयो । बिन र डोमजस्तै यहाँका कुम्हाल समुदाय यी पर्वमा माटाका दियौरी, अर्घौंटो, घैंटो, छ्याँची, तौला र ढकनासहितका भाँडा बिक्री भएर दुई/चार पैसा हात लाग्ने आसमा हुन्छन् ।

अरूबेला गुजाराका लागि अन्य काम गर्ने कुम्हाल दीपावली र छठ नजिकिएपछि सबै काम थाती राखेर माटाका भाँडा बनाउन तल्लीन हुन्छन् । "यी पर्वमा माटाका भाँडाको माग राम्रै हुन्छ, त्यसैले यतिबेला सबै काम छाडेर यी सामान बनाउन लाग्छौं", औरही-४ श्रीपुर कविलासाका सुरेश पण्डित कुम्हालले भन्नुभयो, "पर्वमा बेचिएका भाँडाको आर्जनले केही महिनाको नगद खर्च चल्छ ।"

पर्वविशेषले अहिले महोत्तरीका १० नगरपालिका र पाँच गाउँपालिकाका सबैजस्तो बस्तीमा लाग्ने बारविशेषका साप्ताहिक हटियामा माटाका भाँडा एवं बाँसको चोया र कप्टेराले बुनिएका भाँडाको छुट्टै बजार जम्ने गरेको छ । दीपावली र छठ यस भेगका मुख्य पर्व मानिएकाले पर्वमा सर्वसाधारणले यी भाँडा किन्ने गरेका सुरेशको भनाइ छ ।

यस्ता भाँडा पर्वका लागि नयाँ नै चाहिने स्थापित चलनले अहिले माटाका भाँडा र बाँसका चोया र कप्टेराले बुनिने सामानको माग बढेको छ । दीपावलीका लागि यी सामानको बजार लक्ष्मीपूजाका दिनसम्म बढी हुने भए पनि भाइटिकाका दिनसम्म बिक्री हुने श्रमिक बताउँछन् ।

दीपावलीपछि दुई दिनलगत्तै छठ पर्व सुरु हुन्छ । त्यसका लागि पनि आफ्ना सीपका सामग्रीको बजार जम्ने भङ्गाहा-५ भूचक्रपुरका आशलाल पण्डित कुम्हालको भनाइ छ । ग्रामीण परिवेशमा यो पुरानो चलन कायमै रहे पनि सहरी क्षेत्रमा भने कतिपयले यस्ता सामान खोज्न छाडिसकेका उहाँले बताउनुभयो ।

यिनका ठाउँमा प्लाष्टिक र स्टिलका भाँडाको प्रयोग बढ्दै गएपछि अबका केही वर्षपछि आफूहरूको सीप कतै नचल्ने अवस्था आउनसक्ने लोहारपट्टी-४ पिपराढीका रामविलास पण्डित कुम्हालले बताउनुभयो ।

यसैगरी, गौशाला-१२ पडरियाकी अञ्जली मरिक डोमले यो पुख्यौंली पेसाको सीपले चाडपर्वमा केही नगद आर्जन भए पनि वर्षभरिको गुजारा नचल्ने भएपछि आफ्ना छोराछोरी अन्य काममा लागेका बताउनुभयो । यो अवस्थाले मिथिला संस्कृति र कलासँग जोडिएको माटो र बाँसको चोया र कप्टेराबाट बनाइने सामग्रीबारे पछिल्लो पुस्ताले चासो नै राख्न छाडेपछि यो पहिचान हराउने पाका मैथिलको चिन्ता छ ।

इरानसँगको युद्ध फेरि सुरु हुने सम्भावना 'अत्यन्त न्युन' रहेको ट्रम्पको भनाइ

वासिङटन, २३ कात्तिक (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको लडाइँ फेरि सुरु हुने सम्भावना कम रहेको बताउनुभएको छ ।

उहाँले सीएनएनसँगको वार्तामा भन्नुभयो, "यो 'अत्यन्त असम्भव' छ । उहाँ सोमबार मध्यस्थ कतारका प्रधानमन्त्रीसँग भेट्ने तयारीमा रहनुभएको छ ।

हालैका हप्ताहरूमा राष्ट्रपति ट्रम्पले इरानमा पुनः आक्रमण गर्ने चेतावनी दिनुभएको थियो ।

अमेरिकी सञ्चारमाध्यमहरूले गत मङ्गलबारको मध्यावधि निर्वाचनपछि शत्रुता फेरि सुरु हुन सक्ने बताएका थिए । राष्ट्रपतिले आइतबार सीएनएनसँगको अन्तर्वार्तामा भन्नुभयो, "लडाइँ फेरि सुरु हुने सम्भावना 'अत्यन्त कम' छ, तर यो 'उनीहरूले भरपर्दो र बलियो सम्झौतामा हस्ताक्षर गर्छन् कि गर्दैनन् भन्ने कुरामा निर्भर गर्छ ।"

"हामीले उनीहरूलाई साँच्चै कडा प्रहार गरेका छौं । आवश्यक परे हामी फेरि आक्रमण गर्नेछौं, तर हामीले उनीहरूलाई यति कडा प्रहार गरेका छौं । त्यो कति कडा भन्ने विषय तपाईहरूलाई थाहा छैन ।"

ट्रम्प सोमबार ह्वाइट हाउस सेतो भवनमा कतारका प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीसँग भेट्नेछन् ।यो भेट मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीले कांग्रेसको नियन्त्रण गुमाएपछि ट्रम्पले कुनै विदेशी नेतासँग गर्ने पहिलो भेट हुनेछ ।

इरानी परराष्ट्रमन्त्री अब्बास अराघचीले आइतबार भन्नुभएको थियो, "निर्वाचनको राजनीतिक असर मूल्याङ्कन भइरहेकाले शान्ति वार्ता रोकिएको छ ।"

"गत केही दिनदेखि (मध्यस्थहरूको) कुनै यात्रा भएको छैन । यसको कारण अमेरिकी निर्वाचन नतिजाले सबैलाई दिएको झट्का हो," अराग्चीले राज्य टेलिभिजनलाई भने ।"अब हामीले हेर्नुपर्छ कि उनीहरूलाई यी नतिजा पचाउन कति समय लाग्छ, त्यसपछि मात्र हामी अगाडि कसरी बढ्ने भन्ने निर्धारण गर्न सक्छौं," उहाँले थप्नुभयो ।

फेब्रुअरीको अन्त्यतिर अमेरिकी-इजरायली आक्रमणबाट सुरु भएको इरानसँगको अत्यन्त अलोकप्रिय युद्ध रिपब्लिकनहरूको पराजयको आंशिक कारण हुनसक्ने राष्ट्रपति ट्रम्पले स्वीकार गर्नुभएको छ ।

इरानी विदेशमन्त्री अराघचीले सोमबार भन्नुभयो, "अमेरिकी राष्ट्रपतिले 'अधिकांश अमेरिकीहरू इजरायलप्रति घृणा गर्छन् भन्ने स्पष्ट रूपमा बुझेका छन् ।"

"इजरायलले अमेरिकी प्रशासनलाई सधैंको युद्धमा फसाउने खेलबाट थाकेका र दिक्क भएका छन्," अराघचीले एक्समा लेख्नुभयो ।

"उनीहरू थाके । हाम्रो क्षेत्र पनि थाकेको छ ।"आइतबारको सीएनएन अन्तर्वार्तामा उहाँले भन्नुभयो ।

"इरानमाथिको आर्थिक दबाबले त्यहाँका नेताहरूलाई अमेरिकी सर्त स्वीकार गर्न बाध्य पार्नेछ," राष्ट्रपति ट्रम्पले भन्नुभयो ।

उहाँले भन्नुभयो, "उनीहरू असफल भएका छन् । इरान असफल राष्ट्र बनेको छ । इरानमा यस वर्ष ३०१ प्रतिशत मुद्रास्फीति पुगेको देखिएको छ । यो उनीहरूको अपारदर्शी सोचका कारण भएको छ ।"

राष्ट्रपति ट्रम्पले भन्नुभयो, "उनीहरू आर्थिक रूपमा कमजोर भइरहेका छन् । हामीले सैन्य रूपमा प्रहार गरेका छौं । हामी उनीहरूको अस्थित्व समाप्त गर्न सक्छौं ।"

इरानका आधिकारिक तथ्याङ्कअनुसार सेप्टेम्बरमा वार्षिक मुद्रास्फीति लगभग ९० प्रतिशत पुगेको छ ।

हर्मुज जलडमरूको केश्म टापुमा आइतबार राति आक्रमण भएको इरानी राज्य टेलिभिजनले जनाएका थिए ।

यसअघि आधिकारिक आइआरएनए समाचार एजेन्सीले त्यहाँ दुई विस्फोट भएको रिपोर्ट गरेको थियो । कतार र पाकिस्तान लगायत विभिन्न क्षेत्रीय शक्तिहरूले महिनौंदेखि युद्ध पूर्ण रूपमा रोक्ने प्रयास गरिरहेका छन् तर सफलता मिलेको छैन । प्रत्यक्ष लडाइँ लगभग रोकिएको छ । तर इरानले विश्व ऊर्जा आपूर्तिमा महत्त्वपूर्ण हर्मुज जलडमरूलाई नाकाबन्दी गर्ने प्रयास जारी राखेको छ भने अमेरिकी नौसेनाले इरानी बन्दरगाहहरूमा आफ्नो प्रतिनाकाबन्दी कायम राखेको छ ।

दुई हजारभन्दा ...

(केभिपिटी), युनेस्को नेपाल, काठमाडौं विश्वविद्यालयको सेन्टर फर आर्ट एन्ड डिजाइन तथा हाइडेलबर्ग विश्वविद्यालयको साउथ एसिया इन्स्टिच्युटको काठमाडौं कार्यालयले पनि सहकार्य गरेका थिए । प्रारम्भिक चरणमा जर्मनीको आइथ्री माइन्जसमेत संलग्न थियो ।

परियोजना सम्पन्न भएसँगै डिजिटल डेटाबेसको सञ्चालन, रेखदेख र व्यवस्थापन नेपाल आर्किटेक्चर आर्काइभमार्फत सराफ फाउन्डेसनले गर्नेछ । परियोजना प्रमुख प्राडा क्रिष्टियाने ब्रोसियसका अनुसार यो डिजिटल भण्डारले अनुसन्धानकर्ता, विद्यार्थी र सम्पदाप्रेमीलाई अध्ययन तथा संरक्षणका लागि आधार उपलब्ध गराउनेछ । परियोजनाको समापनलाई सम्पदा संरक्षणको नयाँ यात्राको सुरुआतका रूपमा लिनुपर्ने उहाँको भनाइ थियो ।

सराफ फाउन्डेसनका अध्यक्ष अरुण सराफले सङ्कलित ज्ञान र तथ्याङ्क नेपालमै सुरक्षित राखन तथा सहज पहुँच सुनिश्चित गर्न फाउन्डेसन प्रतिबद्ध रहेको बताउनुभयो । डेटाबेसको व्यवस्थापनलाई निरन्तरता दिँदै अध्ययनकर्ता र सम्पदा क्षेत्रमा कार्यरत विज्ञलाई जानकारी उपलब्ध गराइने उहाँले जानकारी दिनुभयो ।

परियोजना अन्तर्गत नुवाकोटका ऐतिहासिक भवन र सांस्कृतिक सम्पदाको पनि विस्तृत अभिलेख तयार पारिएको ब्रोसियसले जानकारी दिनुभयो । बाढीबाट क्षति पुगेका वा बगेका संरचनाको पुरानै स्वरूपमा पुनर्निर्माण र संरक्षण गर्न ती अभिलेख उपयोगी हुने उहाँको भनाइ थियो ।

जोसेफ पिटर रिन्डफ्लेइस सङ्ग्रहका ८०० भन्दा बढी ऐतिहासिक नेपाली हस्तलिखित ग्रन्थ तथा कागजात पनि राष्ट्रिय अभिलेखालयलाई हस्तान्तरण गरिएको छ । जर्मनीबाट नेपाल फिर्ता ल्याइएका सामग्रीमा १३औँदेखि २०औँ शताब्दीसम्मका ताडपत्र, लालमोहर, अदालती सेस्ता, संस्कृत ग्रन्थ, यात्रा संस्मरणलगायत छन् ।

सङ्ग्रहकर्ता स्वर्गीय रिन्डफ्लेइसको इच्छाअनुसार सन् २०१८ मा यी सामग्री हाइडेलबर्ग विश्वविद्यालयका प्राडा एक्सेल माइकेल्सलाई सुम्पिइएको थियो । जर्मनीमा संरक्षण, डिजिटलाइजेसन र सूचीकरणको काम पूरा भएपछि ती सामग्री नेपाल ल्याएर राष्ट्रिय अभिलेखालयलाई बुझाइएको हो ।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*